बैठक सङ्ख्या : २९
मिति : २०८१।०५।२३ गते
समय : दिनको ३:०० बजे
स्थान : पुथा उत्तरगङ्गा गाउँपालिकाको कार्यालय

आज मिति २०८१ साल भदौ महिनाको २३ गते आइतबार दिनको ३:०० बजे यस पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष एवम् कार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्तीज्यूको अध्यक्षतामा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको २९ औँ बैठक बसी तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**<u>तपसिल :</u>**

| | |
|---|---|
| पुनीराज घर्ती | कार्यपालिका अध्यक्ष |
| भुपेन्द्रा बुढा | कार्यपालिका उपाध्यक्ष |
| विरमान कामी | १ नं. वडा अध्यक्ष |
| जस बहादुर श्रीपाली | २ नं. वडा अध्यक्ष |
| बम बहादुर बुढा | ३ नं. वडा अध्यक्ष |
| सुर बहादुर वि क | ४ नं. वडा अध्यक्ष |
| टिकासाई घर्ती मगर | ५ नं. वडा अध्यक्ष |
| शंखे सेन | ६ नं. वडा अध्यक्ष |
| चित्र बहादुर बुढा | ७ नं. वडा अध्यक्ष |
| पूर्ण मल्ल शाही | ८ नं. वडा अध्यक्ष |
| हर्क प्रसाद रोका | ९ नं. वडा अध्यक्ष |
| भरत बुढा | १० नं. वडा अध्यक्ष |
| कुमार सिंह | ११ नं. वडा अध्यक्ष |
| दिलमान पुन | १२ नं. वडा अध्यक्ष |
| शिविसन श्रीपाली | १३ नं. वडा अध्यक्ष |
| द्रवेश बुढा मगर | १४ नं. वडा अध्यक्ष |
| ग्वारी बुढा मगर | कार्यपालिका सदस्य |
| जोर कुमारी बुढा | कार्यपालिका सदस्य |
| भारसी बुढा | कार्यपालिका सदस्य |
| मल्ति पुन | कार्यपालिका सदस्य |

| | |
|---|---|
| राज कुमार सुनार | कार्यपालिका सदस्य |
| जानु छन्तेल | कार्यपालिका सदस्य |
| धन बुढा | १ नं. का वा वडा अध्यक्ष |
| समिर गिरी | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| हरि चन्द्र वि क | कम्प्युटर अपरेटर |
| हिक्मत पोर्तेल | कम्प्युटर अपरेटर |
| गोर्ख बहादुर के सी | आमन्त्रित (तल्लोसेरा हाइड्रो लिमिटेड, अध्यक्ष) |
| महेन्द्र बुढा मगर | आमन्त्रित (तल्लोसेरा हाइड्रो लिमिटेड) |
| सुर्य बुढा | आमन्त्रित (तल्लोसेरा हाइड्रो लिमिटेड) |
| विष्णु बुढा | आमन्त्रित (तल्लोसेरा हाइड्रो लिमिटेड) |
| लोकेन्द्र खड्का | आमन्त्रित (AEPC/RERL) |

**२९ औँ गाउँ कार्यपालिका बैठकका एजेण्डाहरू :**

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।
२. सानोभेरी उत्तरगङ्गा साना जलविद्युत् परियोजना सम्बन्धमा।
३. कर्मचारी पदपूर्ति सम्बन्धमा।
४. ढोरपाटन जलाशय सम्बन्धमा।
५. विविध सम्बन्धमा।
क) राजीनामा स्वीकृत सम्बन्धमा।

**निर्णयहरु:-**

१. यस पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको यस अघि बसेको २८ औं कार्यपालिका बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनबारे छलफल र समीक्षा गर्दै कार्यपालिका सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले २९ औं कार्यपालिका बैठक प्रारम्भ भयो।

२. सानोभेरी उत्तरगङ्गा साना जलविद्युत आयोजना (९९८ किलोवाट) निर्माणको लागि सरोकारवाला निकायहरूबीच २०७४ साल श्रावण महिनामा सम्झौता भई निर्माण प्रक्रिया समेत अगाडि बढेकोमा विगत दुई (२) वर्षदेखि उक्त आयोजना विभिन्न सामाजिक एवम् आर्थिक समस्याले जेलिएर निर्माण कार्य अवरुद्ध भएकोले सो आयोजना के कसरी अगाडि बढाउन सकिन्छ भन्ने सन्दर्भमा सरोकारवाला निकायहरूबीच विभिन्न मितिमा आपसी छलफल हुँदै आएको र ती छलफलहरूको निश्कर्षको रूपमा आयोजना विकासको जिम्मा लिएको रुकुमेली शहीद स्मृति ग्रामीण जलविद्युत सहकारी संस्था लि. ले लगानी जुटाउन नसक्ने र आयोजना निर्माण गर्न नसक्ने स्पष्ट भई सो सहकारी संस्थाले आफ्नो सम्पूर्ण सम्पत्ति र दायित्वहरू श्री तल्लोसेरा हाइड्रो लिमिटेडलाई हस्तान्तरण गरी सहकारी संस्था विगठनको लागि साधारण सभाबाट पारीत गरी पालिकामा निवेदन समेत पेश गरेको सन्दर्भमा सो आयोजना अगाडि बढाउन निम्नानुसार गर्ने निर्णय गरियो।

तपसिल :

क) सहकारीको नाममा यस पालिकाले मिति २०७५।१२।१७ गते दिएको साना जलविद्युत आयोजना सञ्चालन अनुमति पत्र उक्त सहकारीको निर्णय बमोजिम श्री तल्लोसेरा हाइड्रो लिमिटेडको नाममा नामसारी गरिदिन आवश्यक प्रक्रिया अगाडि बढाउने।

ख) सानोभेरी उत्तरगङ्गा साना जलविद्युत आयोजना (९९८ किलोवाट) निर्माण तथा सञ्चालनका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, काठमाडौँ, श्री रुकुमेली शहीद स्मृति ग्रामीण जलविद्युत सहकारी संस्था लि. पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं.११, तल्लोसेरा र पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम पूर्व बीच परियोजना कार्यान्वयनका लागि २०७४ साल श्रावण महिनामा सम्झौता भएकोमा सो सम्झौतालाई प्रतिस्थापन गर्नेगरी वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, काठमाडौँ, श्री तल्लोसेरा हाइड्रो लिमिटेड, सातदोबाटो, ललितपुर र पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम पूर्व बीच पुन: सम्झौता गर्नुपर्ने देखिएकोले सो सम्झौतामा हस्ताक्षर गर्नका लागि गाउँपालिका अध्यक्षलाई अख्तियारी दिने निर्णय गरियो।

ग) ढोरपाटन शिकार आरक्षको सीमाना एकिन नहुँदा सानोभेरी उत्तरगङ्गा साना जलविद्युत आयोजना (९९८ किलोवाट) का साथै यस गाउँपालिकाका अन्य विकास आयोजनाहरू कार्यान्वयनका क्रममा विभिन्न समस्याहरू सिर्जना हुँदै आएकोले सो आरक्षको यस गाउँपालिकाभित्र पर्ने सीमाना एकिन गर्नका लागि ढोरपाटन शिकार आरक्ष कार्यालय र डिभिजन वन कार्यालय एवम् सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

घ) उक्त सहकारीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति, दायित्वहरू समेत सहकारीको साधारण सभाले तल्लोसेरा हाइड्रो लिमिटेडलाई हस्तान्तरण गर्ने निर्णय गरे बमोजिम सो दायित्वहरू हस्तान्तरण गर्न सहजीकरण गर्ने तथा गाउँपालिकाबाट उक्त सहकारीलाई शेयरको रूपमा दिएको ७ करोड रुपैँयाको दायित्व बहन गर्ने जिम्मेवारी लिएको तल्लोसेरा हाइड्रो लिमिटेडले के कसरी सो दायित्व बहन गर्ने हो भन्ने सन्दर्भमा उक्त लिमिटेडका सञ्चालक अध्यक्ष श्री गोर्ख बहादुर के सी लाई कार्यपालिका बैठकमा आमन्त्रित गरी छलफल गर्दा सो रकम लिमिटेडले पालिकालाई आयोजना सञ्चालन अनुमति पत्र प्राप्त भएको मितिले १ वर्षभित्र ३ करोड ५० लाख र २ वर्षभित्र ३ करोड ५० लाख गरी दुई (२) किस्तामा फिर्ता गर्ने सहमति भए बमोजिम गर्ने निर्णय गरियो। र सो रकमको फिर्ता बारेमा कम्पनीसँग छुट्टै समझदारी पत्र लेखी/लेखाई हस्ताक्षर गर्नका लागि गाउँपालिका प्रवक्ता श्री टिकासाई घर्ती मगरलाई अख्तियारी दिने समेत निर्णय गरियो। साथै सो रकम फिर्ता गर्ने सम्बन्धमा महालेखा परिक्षक कार्यालयबाट जारी भएको प्रतिवेदन समेतलाई मध्यनजर गरी सोहि अनुसार गर्ने निर्णय गरियो।

ङ) उक्त आयोजनाको जिम्मेवारी पाएको सहकारी संस्थाले सहकारी संस्था खारेजीको निवेदन पेश गरे बमोजिम प्रक्रिया पुऱ्याई खारेजी गर्नका लागि गाउँपालिकाको सहकारी शाखा प्रमुखलाई प्रमुख प्रशासकीय अधिकृतमार्फत निर्देशन गर्ने निर्णय गरियो।

च) उक्त आयोजनाको निर्माण कार्यको लागि आयोजना निर्माण कम्पनीले यस कार्यालयमा अस्थायी क्रसर उद्योग राख्न अनुमति माग गरेकोमा आवश्यक प्रक्रिया पुऱ्याई अस्थायी अनुमति दिने निर्णय गरियो।

३. यस पुथा उत्तरगङ्गा गाउँपालिकामा यसअघि कार्यरत रहँदै आउनुभएका रोजगार सहायकले घरायसी कामकाजको कारण यस कार्यालयमा राजीनामा पेश गरेकोमा निजको राजीनामा स्वीकृत भएपश्चात रोजगार सहायक पद रिक्त भएकोले उक्त पदको पदपूर्तिका लागि आवश्यक प्रक्रिया पूरा गर्दै विज्ञापन आह्वान गर्ने।

CamScanner

४. ढोरपाटन जलाशय युक्त परियोजना अन्तर्गत हाल उत्तरगङ्गा नदिलाई निसीखोलामा Divert गरी निर्माण कार्य अगाडि बढाउन वन तथा वातावरण मन्त्रालयले EIA का लागि सहमति दिएको र यदि उक्त नदि Divert भएमा यस गाउँपालिका लगायंत रुकुम पश्चिम सम्मको प्रकृतिमा यसको नकारात्मक असर देखिने र यस गाउँपालिकाका आम जनसमुदाय एवम् सरोकारवाला समेतको माग उक्त नदीको बहाव भएकै स्थानतिर नै निर्माण कार्य सुरु हुनुपर्ने भन्ने रहेको हुँदा ढोरपाटन जलाशय युक्त परियोजना निर्माणको कार्य नदिको बहाव भएकै स्थानतिर अगाडि बढाउनका लागि सम्बन्धित निकायसँग आवश्यक पहल गर्ने ।

**५. विविध अन्तर्गत :**

क) यस गाउँपालिकाअन्तर्गत स्वास्थ्य चौकी, तकसेरामा कार्यरत रहँदै आउनुभएका श्री रामप्यारी बुढा ( अनमी, सहायक चौथो) ले मिति २०७९।०२।१२ गतेदेखि लागु हुनेगरी राजीनामा स्वीकृत गरि पाऊँ भनि यस कार्यालयमा मिति २०८१।०४।१७ गते राजीनामा स्वीकृतिका लागि पेश गरेको निवेदन बमोजिम नै राजीनामा स्वीकृति गर्ने निर्णय गरियो ।

एवम् प्रकारले आगामी कार्यपालिका बस्ने गरी आजको बैठक समापन गरियो ।